# लिसंखु पाखर गाँउपालिकाको आर्थिक ऐन, २०७९

लिसंखु पाखर गाँउपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः** लिसंखु पाखर गाउँपालिकाको आर्थिक बर्ष २०७९/८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यबस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम लिसंखु पाखर गाउँ सभाले यो ऐन बनाएको छ ।

**<u>१) संक्षिप्त नाम र प्रारम्भः</u>**(१) यस ऐनको नाम “लिसंखु पाखर गाँउपालिकाकोआर्थिक ऐन, २०७९” रहेको छ ।

(२) यो ऐन २०७९ साल साउन १ गते देखि लिसंखु पाखर गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

**<u>२) सम्पति करः</u>** गाउँपालिका क्षेत्र भित्रको सम्पत्ति करका मुल्यांकन न्युनतम रु ३००००० (तिन लाख) कायम गरी सो देखि माथीको सम्पत्ति वाला आफैले स्व-मुल्यांकन गरे बमोजिम हुनेछ । गाउँपालिका क्षेत्र भित्रको सम्पत्ति करका मुल्यांकनको आधारमा अनुसूचि (१) बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

**<u>३) भूमि कर (मालपोत)ः</u>** गाउँपालिका क्षेत्र भित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

**<u>४) वहाल करः</u>** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गाडी, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम वहाल कर लगाइने र असूल गरिनेछ ।

**<u>५) व्यबसाय करः</u>** गाउँपालिका क्षेत्र भित्र व्यपार, व्यबसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (४) बमोजिम व्यबसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**<u>६) जटिबुटी, कवाडी र जीवजन्तु करः</u>** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जटिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेधित गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता वस्तुको व्यबसायिक कारोबार गरेबापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**<u>७) सवारी साधन करः</u>** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८) विज्ञापन कर:** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**९) मनोरञ्जन कर:** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यबसाय सेवामा अनुसूचि (८) बमोजिम व्यबसाय कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१०) बहाल बिटौरी शुल्क:** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेको अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोहि अनुसूचिमा भएको व्यबस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११) पार्किङ शुल्क:** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२) ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जी जम्प, जिवफ्लायर र न्याफ्टिङ शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जी जम्प, जिवफ्लायर र न्याफ्टिङ सेवा संचालन गरेवापत अनुसूचि (११) बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३) सेवा शुल्क दस्तुर:** गाउँपालिकाले निर्माण, संचालन वा व्यबस्थापन गरेका अनुसूचि (१२) मा उल्लेखित स्थानिय पुर्वधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहिबाट सोहि अनुसूचिमा व्यबस्था भए अनुसारको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१४) पर्यटन शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि (१३) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५) कर छुट:** (१) गम्भिर प्रकृतीका रोगहरु, सामाजिक सुरक्षा भत्ता लाभग्राही खाता संचालन सिफारिस, विपद् सिफारिस, असाहय बालबालिका सिफारिस, विपन्न नागरिक सिफारिसमा शतप्रतिसत छुट दिइनेछ ।

**१६) कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:** यो ऐनमा भएको व्यबस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूचि–१
## दफा २ संग सम्बन्धित

**१. सम्पत्ती कर**

| सि. नं. | विवरण | करको दर |
|---|---|---|
| १ | ५ लाख सम्मको लागि | ०.०३ प्रतिशत |
| २ | १० लाख सम्मको लागि | ०.०४ प्रतिशत |
| ३ | २० लाख सम्मको लागि | ०.०५ प्रतिशत |
| ४ | ४० लाख सम्मको लागि | ०.०७ प्रतिशत |
| ५ | ४० लाख भन्दा माथी | ०.०९ प्रतिशत |

## अनुसूचि–२
## दफा ३ संग सम्बन्धित

**२. भुमि (मालपोत) कर**

| सि. नं. | विवरण | करको दर |
|---|---|---|
| १ | लामुसाघु जिरी सडक संग जोडिएक कित्ता जग्गाहरु | ४० प्रति रोपनी |
| २ | २१ किलो अत्तरपुर लिसंखु वाफल सडक संग जोडिएका कित्ता जग्गाहरु | ३० प्रति रोपनी |
| ३ | ककलिङ पेटकु ८ किलो सडक संग जोडिएका जग्गाहरु | ३० प्रति रोपनी |
| ४ | अन्य ग्रामिण सडक संग जोडिएका सडक संग जोडिएका कित्ता जग्गाहरु | २५ प्रति रोपनी |
| ५ | खेतियोग्य जमिनको हकमा | |
| क | सडक नजोडिएको खेत प्रति रोपनी | २० प्रति रोपनी |
| ख | सडक नजोडिएको वारी प्रति रोपनी | १० प्रति रोपनी |
| ६ | जरिवाना | |
| | १-२ बर्ष सम्मको (बार्षिक) | ३० प्रतिशत |
| | २-५ बर्ष सम्मको (बार्षिक) | ४० प्रतिशत |
| | ५ बर्ष भन्दा माथी (बार्षिक) | ५० प्रतिशत |

## अनुसूचि–३
## दफा ४ संग सम्बन्धित

**३. बहाल कर**

| सि. नं. | विवरण | करको दर |
|---|---|---|
| १ | बहाल कर (बहाल तिरेको बेला) | ५ प्रतिशत |

## अनुसूचि–४
## दफा ५ संग सम्बन्धित

## ४. व्यवसाय कर

| सि. नं. | विवरण | करको दर |
|---|---|---|
| १ | ईलेक्ट्रीकल तथा अन्य पसल | ५०० |
| २ | छापाखाना | १००० |
| ३ | सञ्चार सम्बन्धी व्यबसाय | २००० |
| ४ | व्यूटी पार्लर सैलुन | ५०० |
| ५ | फोटो स्टुडियो | ७५० |
| ६ | हार्डवयर पसल | २००० |
| ७ | किचेन सामाग्री बिक्रेता -भाडाँकुडा) | ५०० |
| ८ | फर्निचर बिक्रेता | ७०० |
| ९ | काष्ठ उद्योग | १५०० |
| १० | कुटानी, पिसानी , पेलानी मिल | १००० |
| ११ | रेडिमेड कपडा पसल | ७५० |
| १२ | स्टेशनरी पसल -मसलन्द) | ५०० |
| १३ | जुत्ता चपल पसल | ६०० |
| १४ | किराना पसल | ५०० |
| १५ | माछा मासु पसल | ७५० |
| १६ | मोटरसाईकल वर्कसप | १००० |
| १७ | पोल्ट्री फर्म | १५०० |
| १८ | टेलरीङ्ग | ५०० |
| १९ | औषधि पसल | १००० |
| २० | सिङ्गार/ चुरा पसल | ३५० |
| २१ | पेट्रोल पम्प | २००० |
| २२ | बैंक | ५००० |
| २३ | अन्य व्यबसाय | ५०० |
| २४ | पानी घ§f | २०० |
| २५ | खाजा पसल÷3/ | ५०० |
| २६ | लज/होम स्टे | २००० |
| २७ | होटल सहितको लज | ३००० |
| २८ | रेष्टुरेन्ट/क्याफे/होटल | १००० |
| २९ | ग्रिल पसल/व्यवसाय | १५०० |
| ३० | संयुक्त व्यवसाय -माथि भएका एक भन्दा बढी प्रकृतिका एकै स्थानबाट पसल सञ्चालन) | १००० |
| ३१ | मदिरा पसल | ५००० |

**अनुसूची–५**

**दफा ६ संग सम्बन्धित**

**५. जटिबुटी, कवाडी र जीवजन्तु कर**

| सि. नं. | विवरण | करको दर |
|---|---|---|
| १ | जटिबुटी निकासी गर्दा प्रति के जी | २।५ |
| २ | कोइला निकासी प्रति के जी | २ |
| ३ | कवाडी कर प्रति ट्रक | २००० |
| ४ | अलैची निकासी प्रति के जी | २।५ |
| ५ | काठ निकासी उतिस र अन्य जात प्रति क्यूफिट | १० |
| ६ | काठ निकासी सल्लो प्रति क्यूफिट | १५ |
| ७ | तितेपाती/धुपि पात निकासी प्रति केजी | ३ |
| ८ | अम्रिसो प्रति मुठा | १ |
| ९ | बास प्रति गोटा | ५ |
| १० | घसिङगर तेल | २०० प्रति लि |

**अनुसूचि–६**
**दफा ७ संग सम्बन्धित**

**६. सवारी साधन कर**

| सि. नं. | विवरण | करको दर |
|---|---|---|
| १ | मोटरसाइकल | |
| २ | कार जिप | |
| ३ | मिनी ट्रक, मिनी बस | |
| ४ | बस, ट्रक | |

**अनुसूचि–७**
**दफा ८ संग सम्बन्धित**

**७. विज्ञापन कर**

| सि. नं. | विवरण | करको दर |
|---|---|---|
| १ | होडिङ बोर्ड प्रति स्क्वायर फिट | ६० |

**अनुसूचि–८**
**दफा ९ संग सम्बन्धित**

**८. मनोरन्जन कर**

| सि. नं. | विवरण | करको दर |
|---|---|---|
| १ | सर्कस आदि मनोरञ्जन प्रति दिन | ५०० |
| २ | भिडियो सुटिङ प्रति दिन | २००० |

## अनुसूचि–९
## दफा १० संग सम्बन्धित

### ९. बहाल बिटौरी शुल्क

| सि. नं. | विवरण | करको दर |
|---|---|---|
| १ | होटल पसल व्यवसाय सञ्चालन (प्रति वर्गफिट) | ५ |
| २ | अन्य प्रयोजन (प्रति वर्गफिट) | २।५० |

## अनुसूचि–१०
## दफा ११ संग सम्बन्धित

### १०. पार्किङ शुल्क

| सि. नं. | विवरण | करको दर |
|---|---|---|
| १ | | |

## अनुसूचि–११
## दफा १२ संग सम्बन्धित

### ११. ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जी जम्प, जिवफ्लायर र न्याफ्टिङ शुल्क

| सि. नं. | विवरण | करको दर |
|---|---|---|
| १ | | |

## अनुसूचि–१२
## दफा १३ संग सम्बन्धित

### १२. सेवा शुल्क, दस्तुर

| सि. नं. | विवरण | करको दर |
|---|---|---|
| १ | आर.सी.सी. ढलान घर प्रतिवर्गफिट पिच सडकसंग जोडिएको (नक्सा पास दस्तुर) | ३ |
| २ | आर.सी.सी. ढलान घर प्रतिवर्गफिट कच्ची सडकसंग जोडिएको (१५ मिटर भित्र ठूला row भएको) (नक्सा पास दस्तुर) | २ |
| ३ | आर.सी.सी. ढलान घर प्रतिवर्गफिट अन्य साना सडकसँग जोडिएको (नक्सा पास दस्तुर) | १ |
| ४ | आर.सी.सी. बिनाको घर प्रति घर | १००० |
| ५ | नक्शापास प्रमाण पत्र र निर्माण सम्पन्नको प्रतिलिपी दस्तुर रु.१,०००/- लिई प्रतिलिपी सरोकारवालालाई दिईने छ। | १५०० |
| ६ | नक्सा पास फारम (दरखास्त पुस्तिका) | ५०० |
| ७ | विभिन्न प्रकारका साधारण सिफारिस दस्तुर | १०० |
| ८ | निवेदन दस्तुर | १० |

| | | |
|---|---|---|
| ९ | अभिलेखिकरण शुल्क | ५०० |
| १० | अभिलेखिकरण शुल्क (मापदण्ड पालना नभएकाको) | ७५० |
| ११ | अस्थायी घरको अभिलेखिकरण शुल्क | १००० |
| १२ | कच्ची घरको अभिलेखिकरण शुल्क | २००० |
| १३ | छुट जग्गा दर्ता सिफारिस | ५०० |
| १४ | जग्गा नामसारी सिफारिस | ५०० |
| १५ | मोही दर्ता तथा मोही नामसारी सिफारिसः | ५०० |
| १६ | आय श्रोत प्रमाणित प्रति लाख | १०० |
| १७ | सम्पती मुल्यांकन प्रति लाख | ६० |
| १८ | साना घरेलु उद्योग दर्ता/नामसारी | ५०० |
| १९ | मझौला उद्योग दर्ता/नामसारी | १००० |
| २० | ठुला उद्योग (चिरान मिल, फर्निचर उद्योग) दर्ता/ नामसारी | २००० |
| २१ | अन्य निकायबाट दर्ता हुने उद्योग दर्ताको लागि सिफारिस/नामसारी | |
| | क. अन्य व्यक्तिको लागि | १००० |
| | ख. अपांगता भएको व्यक्तिलाई ७५ % छुट | २५० |
| | ग. महिलालाई ५० % छुट | ५०० |
| २२ | डिलर लिने सिफारिस | १००० |
| २३ | माथि नखुलेका उद्योग व्यवसायका सिफारिस | १००० |
| २४ | रकम कलम उठाइदिए वापत सयकडा | ३ प्रतिशत |
| २५ | नागरिकता लिनका लागि सिफारिस | १०० |
| २६ | बाहिरी जिल्ला कर्मचारी परिवार नागरिकता/प्रतिलिपी लिनका लागि सिफारिस | १०० |
| २७ | नागरिकताको प्रतिलिपी लिन सिफारिस | ५०० |
| २८ | अंगिकृत नागरिकता सिफारिस | १००० |
| २९ | प्रतिलिपी प्रमाणित/प्रतिलिपि दस्तुर प्रतिपाना | १० |
| ३० | सूचनाको हक बमोजिम माग भएका सूचनाको प्रतिलिपी प्रमाणित/प्रतिलिपि दस्तुर प्रतिपाना | सूचनाको हक सम्बन्धी ऐन २०६३ बमोजिम |
| ३१ | चार किल्ला प्रमाणित (कच्ची सडक) | ५०० |
| ३२ | चार किल्ला प्रमाणित पिच सडक | १००० |
| ३३ | घरबाटो सिफारिस पिच सडक जोडिएको | १००० |
| ३४ | घरबाटो सिफारिस कच्ची सडक जोडिएको | ५०० |
| ३५ | घरबाटो सिफारिस अन्य | २०० |
| ३६ | घर जग्गा कर रसिदको प्रतिलिपि | १०० |
| ३७ | घर जग्गा छुट्याउन अमिन फिल्ड जानु पर्दा | १००० |
| ३८ | नाता प्रमाणित अंग्रेजी | ५०० |
| ३९ | नाता प्रमाणित नेपाली | १०० |

| | | |
|---|---|---|
| ४० | नाता सम्बन्ध खुलाएको | ५०० |
| ४१ | अंग्रेजीबाट गरिने जुनसुकै प्रकारका सिफारिसको प्रति सिफारीस | ५०० |
| ४२ | निजी स्तरका विद्यालय स्थापना तथा तहवृद्धी सम्बन्धी सिफारिस | ५००० |
| ४३ | संचार टावर स्वीकृती सिफारिस | ५००० |
| ४४ | ढुङगा , गिटी बालुवा उत्खनन,एंवम निकासी प्रति घन मिटर | २५० |
| ४५ | साना होटेल रेष्टुरा सहित दर्ता सेवा शुल्क/बार्षिक कर | ५०० |
| ४६ | रिसोर्ट, गेष्ट हाउस | १००० |
| ४७ | साना जलपान गृह , खाजाघर दर्ता सेवा शुल्क | ५०० |
| ४८ | तरकारी तथा फलफुल पसल दर्ता सेवा शुल्क | ५०० |
| ४९ | अस्पताल नर्सिडहोम दर्ता सेवा शुल्क | ५००० |
| ५० | गैर सरकारी संस्था दर्ता सेवा शुल्क | १००० |
| ५१ | घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र नविकरण शुल्क | ५००० |
| ५२ | घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र (नयाँ) | १०००० |
| ५३ | घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र नविकरण जरिवाना ( अशोज मसान्त पछि आएमा) | सोहि वर्ष ३००० र अर्को वर्ष पछि थप ५००० |
| ५४ | खानी दर्ता दस्तुर | ५००० |
| ५५ | खानी नविकरण दस्तुर | ३००० |
| ५६ | गै. स. स. दर्ता सिफारिस दस्तुर | ३००० |
| ५७ | गै. स. स. वार्षिक नवीकरण सिफारिस दस्तुर | |
| ५८ | क. रु १ लाख भन्दा कम कारोबार भएमा | ५०० |
| ५९ | ख. रु ५ लाख सम्म कारोबार भएको | १००० |
| ६० | ग. रु १० लाख सम्म कारोबार भएको | १५०० |
| | घ. रु २० लाख सम्म कारोबार भएको | २००० |
| | ङ. रु २० लाख भन्दा बढी कारोबार भएको | ३००० |
| | च. संस्थाको कार्यक्षेत्र विस्तार सिफारिस | १००० |
| ६१ | गै. स. स. नविकरण सिफारिस जरिवाना (पौष मसान्त पछि आएमा) | १००० |
| ६२ | ईजाजत फर्म नामसारी | १०००० |
| ६३ | ईजाजत फर्म ठेक्का खारेजी | ५००० |
| ६४ | कन्सुलर सिफारिस (विदेश जान) | १००० |
| ६५ | ढुंगा, गिट्टी, बालुवा उत्खनन् एवं निकासी प्रशोधित गरेको प्रति घन मिटर | ३०० |
| ६६ | खानी दर्ता अन्वेशन सिफारिस | ५००० |
| ६७ | क्लव/पुस्तकालय दर्ता सिफारिस/नविकरण सिफारिस | १००० |
| ६८ | बहुउदेशीय सहकारी, बचत तथा ऋण सहकारी दर्ता शुल्क | ५००० |

| | | |
|---|---|---|
| ६९ | बहुउदेशीय सहकारी, बचत तथा ऋण सहकारी अन्य निकाय दर्ता, कार्यक्षेत्र विस्तार सिफारिस | २५०० |
| ७० | बहुउदेशीय सहकारी, बचत तथा ऋण सहकारी संस्था नविकरण | १००० |
| ७१ | कृषि सहकारी, अन्य सहकारी संस्था दर्ता शुल्क | ५०० |
| ७२ | कृषि/कृषक समूह, पशुपालन समूह, अन्य समूह दर्ता शुल्क | ५०० |
| ७३ | कृषि/कृषक समूह, पशुपालन समूह, अन्य समूह नविकरण शुल्क | २०० |
| ७४ | गाउँपालिकाबाट गरिने व्यक्तिगत घटना दर्ता प्रमाणित दस्तुर | ५०० |
| ७५ | व्यवसाय दर्ता शुल्क | ५०० |
| ७६ | व्यवसाय वार्षिक नवीकरण शुल्क | २०० |
| ७७ | उद्योग नामसारी | ५०० |
| ७८ | कक्षा थप अनुमती निजी | १५०० |
| ७९ | कक्षा थप अनुमती सामुदायीक | २०० |
| ८० | उपभोक्ता समिति दर्ता दस्तुर | ५०० |
| ८१ | उपभोक्ता समिति नविकरण दस्तुर | १०० |
| ८२ | उपभोक्ता समिति सम्झौता/भुक्तानी सिफारिस दस्तुर ( गा.पा.) | १०० |
| ८३ | उपभोक्ता समिति सम्झौता/भुक्तानी सिफारिस दस्तुर (अन्य) | ५०० |
| ८४ | कृषक समुह दर्ता/नविकरण | १०० |
| ८५ | गुम्बा समिति दर्ता/नविकरण सिफारिस | १००० |
| ८६ | रसायनिक मल डिलरसिप सिफारिस सहकारी संस्था | १००० |
| ८७ | रसायनिक मल डिलरसिप नविकरण सिफारिस | १००० |
| ८८ | व्यक्तिगत घट्ना दर्ताको विलम्ब शुल्क | २०० |
| ८९ | व्यक्तिगत घट्ना दर्ताको प्रमाणपत्रको नक्कल दस्तुर | ५०० |
| ९० | व्यक्तिगत घट्ना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर | २०० |
| ९१ | परिचयपत्रको विलम्ब दस्तुर | २०० |
| ९२ | परिचयपत्रको प्रतिलिपि दस्तुर | ५०० |
| ९३ | परिचय नं वा व्यक्तिगत विवरणको प्रमाणीकरणको सेवा वापत प्रति व्यक्ति प्रति पटकको दस्तुर | ५ |
| ९४ | जैविक विवरण वा परिचयपत्रको विलम्ब प्रमाणीकरणको सेवा वापत प्रति व्यक्ति प्रति पटकको दस्तुर | १० |
| ९५ | परिचय नं, वैयक्तिक विवरण, जैविक विवरण वा परिचयपत्रको प्रमाणीकरण भई सम्बन्धित व्यक्तिको अन्य वैयक्तिक विवरण प्रदान गरे वापत प्रति व्यक्ति प्रति पटकको दस्तुर | २० |
| ९६ | मुचुल्का प्रमाणित शुल्क | ५०० |
| ९७ | लालपुर्जा प्रतिलिपी सिफारिस | ५०० |
| ९८ | व्यक्तिगत घटना प्रमाणित दस्तुर | २०० |

| | | |
|---|---|---|
| ९९ | नाबालक सिफारिस | २०० |
| १०० | अविवाहित प्रमाणित | २०० |
| १०१ | विज्ञापन आवेदन शुल्क | प्रचलित नियमानुसार |
| १०२ | लेखा परिक्षक नियुक्त समर्थन शुल्क | १००० |

**अनुसूचि–१३**
**दफा १४ संग सम्बन्धित**

**१३. पर्यटन शुल्क**

| सि. नं. | विवरण | करको दर |
|---|---|---|
| १ | | |

आज्ञाले,
मंगल बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत